धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३४ ◆ २०८३ भदौ ३ गते बुधबार, Wednesday, August 19, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## स्वतन्त्र, निष्पक्ष र विश्वासनीय निर्वाचन गराउने प्रमुख आयुक्त कार्कीको भनाइ

काठमाडौं । प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वासनीय निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारीलाई समय सापेक्ष रूपमा थप सुदृढ गरी पूरा गरिने बताउनुभएको छ ।

आयोगको कार्यालयमा मंगलबार पूर्वप्रमुख निर्वाचन आयुक्त र आयुक्तहरू सँगको छलफलका क्रममा उहाँले वर्तमान नेतृत्व सबै पूर्वपदाधिकारीसँग सल्लाह लिएर जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाउनु भएको हो । निर्वाचन आयुक्त सगुनशम्शेर जबराले निर्वाचन व्यवस्थापनमा आयोगले गरेका नवीनतम् कामहरुका बारेमा पूर्व प्रमुख आयुक्त र आयुक्तहरूलाई जानकारी गराउनुभएको थियो । छलफलमा निर्वाचन व्यवस्थापन का कानुनी, प्रविधिगत, व्यवस्थापकीय सुधारलगायत विविध विषयमा छलफल भई समसामयिक सुधारका लागि पृष्ठपोषण प्राप्त भएको आयोगका निमित्त सचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । छलफलमा पूर्वप्रमुख आयुक्त, आयुक्त र वर्तमान आयुक्तहरुको सहभागिता थियो ।

## खोरसोरमा गोविन्देको त्रास

चितवन । सौराहाको खोरसोरमा 'गोविन्दे' ले त्रास फैलाएको छ ।

गोविन्दे मत्ता हाती हो । ढोइको खोजीमा खोरसोर छिरेकाले गोविन्देले त्रास फैलाएको हो । सौराहाको खोरसोर हात्ती प्रजनन केन्द्रमा दुई सातादेखि जङ्गली हात्ती ढोइ डुलिरहेको हात्तीसारका प्रमुख मणिपुरण चौधरीले बताउनुभयो ।

भाले तथा वयस्क हात्तीलाई मत्ता र पोथी हात्तीलाई ढोइ भनिन्छ । हात्ती चराउन जङ्गल लगेपछि गोविन्दे अरु हात्तीसँग जाने र जङ्गलबाट फर्किएपछि प्रजननका लागि पोथी हात्ती कुरेर बस्ने गरेको त्यहाँका माउतेहरुले राससलाई बताउनुभयो । गोविन्देका कारण हात्ती र छावालाई राम्रोसँग चर्न र हिँडडुल गर्नसमेत अवरोध भएको उहाँहरुले जानकारी दिनुभयो। हालसम्म गोविन्देले आठ जना मान्छेको ज्यान लिइसकेको छ । गोविन्देले यसअघि दुधौरा पोष्टमा कार्यरत नेपाली सेनालाई आक्रमण गरेको थियो । मात लागेको हात्ती सधैँ ढोइ कुरेर बस्छ । खोरसोरमा नौ वटा माउ र सात वटा छावा रहेका छन् । यहाँ जङ्गली हात्ती पालैपालो आउने गरेका छन् ।

यसअघि रोनाल्डो सुनाचुरी तिर, धुर्वे सुखिभार तिर र अहिले देखिएको गोविन्दे खोरसोरमा छ । यसअघि मकुना हात्ती मरेपछि अरु हात्ती पालैपालो आउने गरेका छन् । निकुञ्जको तथ्याङ्कअनुसार धुर्वेले २५ जना र रोनाल्डोले २२ जनाको ज्यान लिइ सकेको छ । खोरसोरका हात्तीलाई जङ्गली हात्तीले प्रजनन गरेर छावा जन्मने गरेका छन् ।

## राजनीतिक नियुक्ति समानुपातिक समावेशी प्रतिनिधित्वका आधारमा हुनुपर्ने

काठमाडौं । राष्ट्रियसभाका सदस्यहरूले सरकारले गर्ने राजनीतिक नियुक्ति समानुपातिक समावेशी प्रतिनिधित्वका आधारमा हुनुपर्नेमा जोड दिएका छन् । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको मंगलबारको बैठकमा सदस्यहरूले संविधानको मर्म अनुरूप राजनीतिक नियुक्ति समानुपातिक समावेशी प्रतिनिधित्वका आधारमा हुनुपर्ने विचार राखेका हुन् ।

बैठकमा सदस्य धर्मेन्द्र पासवान, रोशनी मेचे, विष्णुकुमारी सापकोटा, ललितजङ्ग शाही, किरणबाबु श्रेष्ठ, सोनामगेलु शेर्पा, नारायणदत्त मिश्र लगायतले सरकारी निकायमा राजनीतिक नियुक्ति गर्दा नेपालको चित्र देखिने गरी गर्नुपर्ने, संवैधानिक आयोगका सिफारिस कार्यान्वयन नहुने अवस्थाको अन्त्य गरिनुपर्ने, संविधान बनाउने क्रममा धेरै आयोग बनेकाले त्यसको समीक्षा गरिनुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

समिति सभापति जयन्तीदेवी राईले क्षेत्र, जाति र समुदायअनुसार समावेशिता हुनुपर्ने बताउँदै कति स्थानीय तहमा ब्राह्मण, क्षेत्रीलाई समावेशी प्रतिनिधित्व गराउनुपर्ने अवस्था रहेको औँल्याउनुभयो । बैठकमा विषयगत विज्ञहरू डा पासाङ शेर्पा, अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन र डा प्रतिमा गुरुङ लगायतले समावेशिताका सन्दर्भमा नेपाल विश्व जगत्मा प्रगतिशील देखिए पनि अझै गर्नुपर्ने काम बाँकी रहेको बताउनुभयो ।

## शैक्षिक गुणस्तर सुधार सरकारको प्राथमिकतामा

काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारलाई सरकारले प्राथमिकतामा राखेर काम गर्ने बताउनु भएको छ । काठमाडौँका विभिन्न सामुदायिक विद्यालयको स्थलगत अवलोकनपछि मन्त्री पोखरेलले विद्यालयको वास्तविक अवस्था तथा सरोकारवालाबाट प्राप्त सुझावलाई शिक्षा सुधारका नीतिमा समेटिने बताउनुभयो । उहाँले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक नीतिगत तथा व्यावहारिक पहल गरिने बताउनुभयो । मन्त्री पोखरेलले राम आधारभूत स्कुल, मदन आश्रित आदर्श मावि, बाल विकास आधारभूत स्कुल र गणेश माविको अवलोकन गर्नुभएको थियो । विद्यालयको शैक्षिक अवस्था, पठनपाठन, व्यवस्थापन, पूर्वाधार तथा विद्यार्थीका समस्या र आवश्यकताबारे जानकारी लिनुभयो ।

# नेपाललाई इयूको उडान सुरक्षा सूचीबाट हटाउन सरकार दृढ

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेलले नेपाललाई युरोपेली सङ्घको उडान सुरक्षा सूचीबाट हटाउन सरकार दृढताका साथ अघि बढिरहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा मन्त्रालयगत विषयमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले उडान सुरक्षाप्रतिको नेपालको प्रतिबद्धता, सुधारात्मक कार्ययोजनाको कार्यान्वयन, नियामकीय क्षमता अभिवृद्धि, संस्थागत सुधार र युरोपेली सङ्घसँगको निरन्तर संवादका आधारमा छिट्टै सो सूचीबाट हट्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले युरोपेली सङ्घबाट सुधारात्मक कार्ययोजनाको समीक्षा नतिजा प्राप्त भएपछि यसका आधारमा आवश्यक थप कदम अघि बढाइने स्पष्ट पार्नुभयो । युरोपेली सङ्घको उडान सुरक्षा सूचीबाट नेपाललाई हटाउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको जनाउँदै मन्त्री पौडेलले नेपाललाई उक्त सूचीबाट हटाउन उडान सुरक्षा प्रणालीको सुधारसँगै नियामकीय क्षमता अभिवृद्धि, संस्थागत सुधार र कूटनीतिक पहललाई समानान्तररूपमा अघि बढाइएको बताउनुभयो। युरोपेली सङ्घले सन् २०२३ को सेप्टेम्बर ११-१५ नेपालमा स्थलगत उडान सुरक्षा मूल्याङ्कन सम्पन्न गरेको थियो ।

“उक्त मूल्याङ्कनको खुला निष्कर्षलाई अहिलेसम्म कार्यान्वयन नभएको अवस्था थियो। हामी आइसकेपछि ५ जुन २०२६ मा युरोपेली सङ्घसमक्ष यसको विवरण पेस गरेका छौँ, सङ्घले पनि १२ जुन २०२६ मा पठाएको जानकारी अनुसार ती सुधारात्मका कार्ययोजनाको समीक्षा छिट्टै उपलब्ध गराउने भन्नुभएको छ”, मन्त्री पौडेलले भन्नुभयो । उहाँले हवाई सुरक्षा तथा नियमनसम्बन्धी प्राविधिक क्षमता अभिवृद्धिका लागि अन्तरराष्ट्रिय साझेदारसँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिनुभयो । “संस्थागत सुधारतर्फ महत्वपूर्ण काम अघि बढाइएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामकीय निकाय र सेवा प्रदायक निकायकारूपमा विशिष्टकृत गरी छुट्टाछुट्टै संस्थागत संरचना स्थापना गर्ने सन्दर्भमा आवश्यक विधेयक तर्जुमा गरिसकिएको र छिट्टै सदनमा पेस गरिनेछ”, मन्त्री पौडेलले भन्नुभयो ।

प्राविधिक तथा संस्थागत सुधारसँगै सरकारले यस विषयमा कूटनीतिक तहबाट निरन्तर सक्रिय पहल भइरहेको जानकारी दिँदै उहाँले यसक्रममा नेपालका लागि युरोपेली सङ्घका राजदूतसँग व्यक्तिगत रूपमा भेटघाट गरी नेपालले उडान सुरक्षाका सुधारका क्षेत्रमा गरेको प्रगति, सुधारात्मक कार्ययोजनाको कार्यान्वयन र आगामी योजनाबारे छलफल गरिएको स्पष्ट पार्नुभयो । “नेपाललाई युरोपेली सङ्घको उडान सुरक्षा सूचीबाट हटाउने विषय केवल कूटनीतिक पहलबाट मात्र होइन, उडान क्षेत्रमा वास्तविक र मापनयोग्य सुधारमार्फत सुनिश्चित गर्नुपर्छ”, मन्त्री पौडेलले भन्नुभयो, “अन्तरराष्ट्रिय हवाई सुरक्षा मापदण्डअनुसार प्राविधिक र नियामकीय सुधारलाई तीव्रता दिइएको छ । युरोपेली सङ्घ र सदस्य राष्ट्रसँग उच्चस्तरीय कूटनीतिक संवादलाई निरन्तरता दिइएको छ ।”

## राहदानी विधेयक अन्तरराष्ट्रिय मान्यता अनुकूल : मन्त्री खनाल

❑ प्रत्यूष समाचारदाता

काठमाडौँ । परराष्ट्रमन्त्री शिशिर खनालले राहदानी विधेयक, २०८३ ले राहदानी जारी, रद्द र व्यवस्थापन तथा समग्र प्रक्रियालाई अन्तरराष्ट्रिय मान्यता अनुकूल बनाउने बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा 'राहदानी (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले संशोधनमार्फत अन्तरराष्ट्रिय नागरिक उड्डयन (आइकाओ) को मापदण्ड र अन्तरराष्ट्रिय विश्वसनीयता लाई थप मजबुद बनाउने प्रयास गरिएको बताउनुभयो ।

मन्त्री खनालले बदलिँदो विश्व परिवेशमा मौजुदा राहदानी ऐन, २०७६ का प्रावधान अपुरा साबित भएकाले यसलाई समयसापेक्ष बनाउँदै नागरिकको निर्बाध आवागमन र सुरक्षा प्रत्याभूत गर्न संशोधन प्रस्ताव गरिएको बताउनुभयो। “आइकाओले तय गरेका नवीनतम् मापदण्ड र सुरक्षा प्रोटकोललाई राष्ट्रिय कानुनमा आन्तरिकीकरण गर्नु नेपालको अन्तरराष्ट्रिय दायित्व हो”, उहाँले भन्नुभयो, “हराएका वा रद्द गरिएको राहदानीका विवरण अन्तरराष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)सँग समन्वय गरी अद्यावधिक गर्ने बाध्यात्मक व्यवस्थाले नेपाली राहदानीको अन्तरराष्ट्रिय विश्वसनीयता, प्रतिष्ठान र सीमा सुरक्षालाई मजबुद बनाउने विश्वास लिइएको छ ।” मन्त्री खनालले विधेयक मार्फत प्रक्रियागत झन्झटलाई सरलीकृत गर्ने प्रयास गरिएको स्पष्ट पार्नुभयो । “सक्कल कागजात पेस भएपछि अनावश्यक प्रतिलिपि मागिरहने पुरानो प्रशासनिक झन्झटलाई अन्त्य गरिएको छ”, उहाँले भन्नुभयो, “नागरिकले नागरिकताका आवेदन दिएको स्थानबाट मात्रै राहदानी लिनुपर्ने अव्यावहारिक बन्धन हटाइ सहज वितरणको व्यवस्था गरिएको छ ।” उक्त प्रस्तावमाथिको छलफलमा वर्षमान पुन, पद्मा अर्याल, पुष्पराज कँडेल, यज्ञमणि न्यौपाने, गङ्गालक्ष्मी अवाल, इन्दिरा राना मगर, हर्कराज राई, माधवबहादुर थापा, पारशमणि गेलाल लगायत ३५ सांसदले भाग लिनुभएको थियो । बैठकले उक्त प्रस्तावलाई बहुमतले स्वीकृत गरेको थियो । बैठकमा सभामुख डोलप्रसाद अर्यालले सो विधेयकमाथि संशोधनको सूचना दिन चाहने सांसदलाई सङ्घीय संसद् सचिवालयमा सूचना दिनसक्ने जानकारी गराउनुभयो ।

त्यसअघि बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले 'थारु आयोगको सातौं वार्षिक प्रतिवेदन, २०८१/०८२' पेस गर्नुभयो ।

मंगलबारका लागि निर्धारित 'मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्ने र 'संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौता' पेस गर्ने बुँदा कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

## प्रधानमन्त्री शाहसँग भारतका सेनाध्यक्ष सेठको शिष्टाचार भेट

काठमाडौँ । प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले शिष्टाचार भेट गर्नुभएको छ ।

रक्षामन्त्री समेत रहनुभएका प्रधानमन्त्री शाहसँग सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सेनाध्यक्ष सेठले मंगलबार शिष्टाचार भेटवार्ता गर्नुभएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो । उक्त भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवसमेत सहभागी हुनुहुन्थ्यो । प्रधान सेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा सेनाध्यक्ष सेठ चारदिने भ्रमणको सिलसिलामा आइतवार काठमाडौँ आउनुभएको थियो । पाँच सदस्यीय भ्रमण दलमा उहाँकी धर्मपत्नी कोमल सेठ पनि हुनुहुन्छ। सेनाध्यक्ष सेठलाई सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो । राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा उहाँलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरिएको हो । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ । सोमबार नै प्रधान सेनापति अशोकराज सिग्देल र सेठबीच द्विपक्षीय भेटवार्तासमेत भएको थियो । त्यस अवसरमा उहाँहरूबीच आपसी हितका विषयका साथै नेपाल र भारतबीचको द्विपक्षीय सैन्य सम्बन्धलाई थप सुदृढ बनाउन विषयमा छलफल भएको थियो ।

साथै सेनाध्यक्ष सेठले नेपाली सेनालाई सैन्य तथा स्वास्थ्य उपकरण हस्तान्तरण गर्नुभएको थियो । सेनाध्यक्ष सेठ मंगलबार बिहान पशुपतिनाथ मन्दिरमा पुगी पूजाआजासमेत गर्नुभएको थियो ।

मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ ।

सम्पादकीय ....

# परिवर्तन र अनुभवको सन्तुलन नै लोकतन्त्रको शक्ति

लोकतन्त्रको जीवन्तता परिवर्तनको सम्भावनामा टिकेको हुन्छ। नागरिकले निर्वाचनमार्फत नयाँ नेतृत्व, नयाँ सोच र नयाँ कार्यशैली रोज्न पाउनु नै लोकतान्त्रिक व्यवस्थाको आधार हो। परिवर्तनविना लोकतन्त्र जड बन्छ, तर परिवर्तनका नाममा विगतका सम्पूर्ण अनुभव, उपलब्धि र संस्थागत स्मृतिलाई अस्वीकार गर्नु पनि उत्तिकै जोखिमपूर्ण हुन्छ। नेपालको वर्तमान राजनीतिक बहसमा नयाँ पुस्ताको आकांक्षा र पुरानो पुस्ताको अनुभवबीच उचित सन्तुलन खोज्नु आवश्यक देखिएको छ।

पछिल्ला वर्षहरूमा वैकल्पिक राजनीतिक शक्तिको उदयसँगै सुशासन, पारदर्शिता, जवाफदेहिता, डिजिटल प्रशासन, नागरिक सहभागिता र परिणाममुखी शासनका विषयले बढी प्राथमिकता पाएका छन्। परम्परागत राजनीतिक संस्कारमाथि उठेका प्रश्नले लोकतन्त्रलाई सचेत र सक्रिय बनाएका छन्। नागरिकले नेतृत्वबाट भाषणभन्दा परिणाम, पहुँचभन्दा प्रणाली र आश्वासनभन्दा उत्तरदायित्व खोज्नु सकारात्मक परिवर्तन हो। यसलाई पुराना राजनीतिक शक्ति र राज्यका निकायले पनि अवसरका रूपमा लिनुपर्छ।

तर राज्य सञ्चालन केवल लोकप्रिय नाराबाट सम्भव हुँदैन। आन्दोलनले परिवर्तनको ढोका खोल्न सक्छ, शासनले त्यसलाई संस्थागत गर्नुपर्छ। सरकारका निर्णय कानुन, बजेट, प्रशासन, न्यायपालिका, अन्तर्राष्ट्रिय सम्बन्ध, सामाजिक संरचना र दीर्घकालीन राष्ट्रिय हितसँग जोडिएका हुन्छन्।

सामान्य देखिने नीतिगत त्रुटिले पनि ठूलो आर्थिक क्षति, आयोजना अवरोध, कानुनी विवाद वा नागरिक विश्वासमा गिरावट ल्याउन सक्छ। त्यसैले प्रशासनिक, संसदीय, कूटनीतिक र नीतिगत अनुभवलाई बोझ होइन, सार्वजनिक सम्पत्तिका रूपमा उपयोग गर्नुपर्छ।

यसको अर्थ पुरानो नेतृत्वलाई स्वतः सही ठहर गर्नु वा नयाँ नेतृत्वलाई अपरिपक्व ठान्नु होइन। अनुभवसँगै जवाफदेहिता चाहिन्छ र नयाँ सोचसँगै अध्ययन, संस्थागत अनुशासन र निर्णय क्षमताको विकास पनि आवश्यक हुन्छ। सफल शासनको आधार पुस्तागत टकराव होइन, ज्ञान र जिम्मेवारीको हस्तान्तरण हो।

हरेक नयाँ सरकारले अघिल्लो सरकारका कमजोरी सच्याउनुपर्छ, तर सफल नीति र उपयोगी अभ्यासलाई निरन्तरता दिनुपर्छ। राज्य कुनै दल वा व्यक्तिको निजी संरचना होइन; सरकार फेरिए पनि राज्यको निरन्तरता कायम रहनुपर्छ।

यस पत्रिकाको ठहर छ–नेपाललाई अहिले पुरानो र नयाँबीचको द्वन्द्वभन्दा पनि योग्यताको सहकार्य आवश्यक छ। परिवर्तनलाई अनुभवले परिपक्व बनाओस् र अनुभवलाई नयाँ सोचले उत्तरदायी बनाओस्। यही सन्तुलनले लोकतन्त्रलाई स्थिर, प्रभावकारी र नागरिकमुखी बनाउन सक्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# पेसा फेरियो, दलन फेरिएन

राजेश विद्रोही

नेपालमा सामाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ। जुन वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायले पुस्तौँदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे। आज उनीहरू नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी बन्चित छन्। यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायहरूले लिन थालेका छन्। पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ तर विभेद र विभेद्कारी मानसिकता भने अपेक्षित रूपमा फेरिन सकेको छैन। आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ। दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि बन्चित छन् ? र, अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गऱ्यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको सामाजिक संरचनामा पेसा र जातबीच लामो समयसम्म गहिरो सम्बन्ध छ। कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो। पहाडमा कामी, दमाईं, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए। कामी लोहार तथा धातुका काममा, दमाईं कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोवीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो। चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे। दुसाधले नाचगानलगायतका काम गर्थे। मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे। धोवीले कपडा धुने काम गर्थे। डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे। यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानहरूले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरू श्रम गरे पनि सामाजिक रूपमा न्यून दर्जामा राखिएको देखाएका छन्। अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो। तर उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन। यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठूलो विरोधाभास हो।

कपडा सिलाउने दमाई चाहिन्थ्यो तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन। हलो, कोदालो, हँसिया र कृषि औजार बनाउने कामी चाहिन्थे तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो। जुत्ता बनाउने चमार र सार्की चाहिन्थे तर उनीहरूलाई सामाजिक रूपमा अछूत बनाइन्थ्यो। उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैन्थ्यो। यो केवल सामाजिक अपमान मात्र थिएन्, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो।

### श्रम थियो, मूल्य थिएन

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे' जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबीच आर्थिक सम्बन्ध बनाएको थियो। तर त्यो सम्बन्ध बराबरीको आर्थिक कारोबार थिएन। एकातिर सेवा र सीप थियो, अर्कोतिर आश्रय र निर्भरता। अनुसन्धानहरूले बालीघरे तथा हलीजस्ता व्यवस्थालाई नगदविहीन, असमान संरचनासँग जोडेर हेरेका छन्, जहाँ दलित समुदायले आफ्नो श्रमको उचित आर्थिक मूल्य पाउन कठिन थियो र भूमिस्वामित्वमा पनि उनीहरू पछाडि थिए। यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकार समेत थिएन। उनीहरू उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे। उनीहरू सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे। उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन। उनीहरू सीपले समाजलाई चलाए, तर समाजको नेतृत्व गर्ने अवसर पाएनन्। यही कारणले दलित शिल्पी समुदायको इतिहास केवल गरिबीको इतिहास मात्र होइन्, यो श्रमको अवमूल्यन र सामाजिक बहिष्करणको इतिहास पनि हो।

### पेसा बदलियो तर स्वामित्व आएन

समय बदलियो। गाउँको परम्परागत अर्थतन्त्र विस्तारै बजार अर्थतन्त्रमा बदलियो। हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो। सिलाइ व्यवसाय उद्योगमा बदलियो। फलामका औजार कारखानामा उत्पादन हुन थाले। छालाका सामग्री उद्योग र ब्रान्डमा परिणत भए। सङ्गीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो। जुन सीपलाई पुस्तौँसम्म दलित शिल्पी समुदायले जोगायो आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो। तर त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन। अर्थात् पेसा फेरियो तर दलन फेरिएन्। युगसापेक्ष विभेद पुस्तान्तरण भयो।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरू आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन्। जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन्, त्यो ठूलो बजार भएको व्यवसाय बन्यो। कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन्, फेसन उद्योग बन्यो। धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन्, उद्योग र कलाका रूपमा स्थापित भयो। बाजागाजा तथा नाट्यकलाको काम झसार्की र चमारको काम'मात्र रहेन्, आधुनिकीकरण भयो। तर विडम्बना के छ भने पेसा आधुनिक भयो तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन। यसले आजको आधुनिक समाजलाई गम्भीर मोडमा झन पुर्याएको छ। दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो तर विभेदबाट वञ्चित हुन सकेको छैन।

### तथ्याङ्कले बोलेको असमानता

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहाडी दलितको जनसङ्ख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसङ्ख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ। अर्थात् यी दुई समूह जोड्दा दलित जनसङ्ख्या ३८ लाख ९८ हजार ९९० पुग्छ। विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसङ्ख्याका ठूला पहाडी दलित समुदाय हुन्। तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/ पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसङ्ख्या भएका प्रमुख समुदाय हुन्। उनीहरूको बाक्लो जनसङ्ख्या हुनु तर राज्य अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठूलो लोकतान्त्रीकरण भएको छ। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसङ्ख्याको आधारमा राज्य संयन्त्रमा सम्मान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ।

### कानुन फेरियो तर मानसिकता फेरिएन

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछूतलाई निषेध गरेको छ। जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनी रूपमा निशेध गरिएको छ। छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछूत, बहिष्कार र विभेद्लाई दण्डनीय बनाएको छ। तर कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन।

राष्ट्रिय मानव अधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरू आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिच्किचाउने गरेको देखाएको छ। आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुनः विभेद पैदा हुने चक्रका रूपमा औंल्याएका छन्। अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन्, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो।

### जातीय पेसा होइन, अधिकार

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन। आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ। कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इन्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ। दमाईंको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ। सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ। तर त्यसका लागि राज्यले केवल आरक्षणको संख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ। परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋृण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्रान्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकता जस्ता कार्यक्रम आवश्यक छन्।

परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुनःपरिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ। सबैभन्दा महत्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन। जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन। जुन हातले औजार बनायो, त्यस हातलाई अछूत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन।

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुयाउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋृण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

# कर अधिकृत पालसहित दुई जनाविरुद्ध आरोपपत्र दायर

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आन्तरिक राजस्व कार्यालय, लहान, सिरहाका कर अधिकृत युवराज एमएस पालसहित दुई जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर लेखापरीक्षणका लागि सेवाग्राहीले पेस गरेका कागजात तथा बिल-बीजक नमिलेको भन्दै दुःख हैरानी दिई कर अधिकृत पालले रु पाँच लाख घूस लिइरहेको अवस्थामा केही दिन पहिले पक्राउ परेका थिए ।

अनुसन्धानका क्रममा पालले विभिन्न व्यावसायिक फर्म तथा कम्पनीको लेखापरीक्षण, कर निर्धारण र कर फछ्र्यौट गर्ने क्रममा बिल-बीजक नमिलेको भन्दै सेवाग्राहीसँग रकम माग गर्ने गरेको पाइएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार कर अधिकृत पालले आफूसँग मिलेमतो तथा सम्बन्ध रहेका चार्टर्ड एकाउन्टेन्ट रामरिझन यादवमार्फत सेवाग्राहीसँग रकमको बार्गेनिङ गर्ने गरेको अनुसन्धानबाट देखिएको छ ।

आयोगले उनीहरुविरुद्ध बिगोबमोजिम कारबाहीको माग गर्दै मुद्दा दायर गरेको हो ।

# नेपालको आर्थिक रूपान्तरणमा निजी क्षेत्र र संयुक्त राष्ट्रसङ्घबीच सहकार्यमा जोड

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठ र संयुक्त राष्ट्रसङ्घका नेपालस्थित आवासीय संयोजक लिना पिटरबीच आज भेटवार्ता भएको छ।

भेटवार्तामा नेपालको आर्थिक तथा सामाजिक विकासका लागि सरकार, निजी क्षेत्र, विकास साझेदार र संयुक्त राष्ट्रसङ्घलगायत सबै पक्षबीच परिणाममुखी सहकार्य आवश्यक रहेकामा जोड दिइएको छ ।

अध्यक्ष श्रेष्ठले सीप विकास, उद्यमशीलता, लगानी प्रवर्द्धन र मर्यादित रोजगारी सिर्जनाका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घसँग व्यावहारिक सहकार्य अघि बढाउन महासङ्घ इच्छुक रहेको बताउनुभयो। उहाँले लगानी तथा व्यावसायिक विश्वास पुनःस्थापना गर्दै युवालाई स्वदेशमै रोजगारी र उद्यमका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नतिको चरणमा रहेकाले त्यसपछि उत्पन्न हुने चुनौती सामना गर्न उत्पादन क्षमता वृद्धि, निर्यात प्रतिस्पर्धा, व्यापार सहजीकरण र अन्तरराष्ट्रिय मापदण्ड पूरा गर्ने क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको थप सहयोग आवश्यक रहेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। आवासीय संयोजक पिटरले नेपालमा निजी क्षेत्रसँग बलियो साझेदारीका लागि संयुक्त राष्ट्रसङ्घ सकारात्मक रहेको बताउँदै समावेशी तथा दिगो आर्थिक विकासमा निरन्तर सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले स्तरोन्नतिको अवसरलाई दिगो आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, लगानी विस्तार तथा उत्पादन र निर्यात क्षमता अभिवृद्धिमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालले स्तरोन्नतिपछि सहज सङ्क्रमणका लागि समयमा नै आवश्यक तयारी गर्नुपर्ने बताउनुभयो । साथै, विप्रेषणमा आधारित अर्थतन्त्रलाई उत्पादन, रोजगारी र लगानीमा आधारित अर्थतन्त्रमा रूपान्तरण गर्नुपर्ने धारणा राख्नुभयो ।

# बर्डफ्लू सङ्क्रमण : काभ्रेमा ९० हजार पन्क्षी नष्ट

काभ्रेपलाञ्चोक। काभ्रेपलाञ्चोकमा बर्डफ्लू सङ्क्रमणका कारण हालसम्म ३० कृषकको पन्क्षीमा लाखौँको क्षति पुऱ्याएको छ। बर्डफ्लू सङ्क्रमणले क्षति पुगेका कृषकलाई क्षतिपूर्ति दिलाउन थालिएको जिल्ला पशुसेवा कार्यालय धुलिखेलले जनाएको छ ।

कार्यालयका अनुसार हालसम्म २० कृषकले क्षतिअनुसारको क्षतिपूर्ति प्राप्त गरिसकेका छन् । बाँकी १० कृषकको क्षतिपूर्ति रकम चालु आर्थिक वर्षमा दिइने कार्यालयका प्रमुख वरिष्ठ पशु चिकित्सक ब्रजकिशोर ठाकुरले बताउनुभयो। उहाँका अनुसार विभिन्न मितिमा बर्डफ्लू प्रमाणित भएका ३० कृषकका खोरमा रहेका कुखुरा तथा अन्य पन्क्षी नष्ट गरिएको थियो । बर्डफ्लू प्रमाणित भएका ३० कृषकमध्ये २० ले गत आर्थिक वर्षको अन्त्यतिर राहत रकम प्राप्त गरिसकेको जनाइएको छ ।कार्यालयका अनुसार काभ्रेपलाञ्चोकमा गिरिराज कुखुरा, लेयर्स, ब्रोइलर, राजहाँस, स्थानीय कुखुरा र पेकिङ हाँसलगायत गरी ९० हजार २७५ पन्क्षी नष्ट गरिएको छ । यस्तै ३८ हजार १८३ अण्डा, १० हजार २१० केजी दाना र पाँच हजार २७५ क्रेट नष्ट गरिएको हो । विशेषगरी जिल्लाको बनेपा, पनौती तथा पाँचखाल क्षेत्रका विभिन्न फर्ममा बर्डफ्लु सङ्क्रमण पाइएको थियो ।

बर्डफ्लु महामारीले काठमाडौँ उपत्यकासँग जोडिएको काभ्रेपलाञ्चोकलाई समेत प्रभावित बनाएको थियो । कोशी प्रदेशबाट २०८२ चैतमा सुरु भएको उक्त महामारी गत असार मसान्तसम्म काभ्रेपलाञ्चोकसहित विभिन्न जिल्लामा फैलिएको थियो ।

उपत्यकासँग जोडिएको काभ्रेपलाञ्चोकमा बिपी तथा अरनिको राजमार्गका साथै अन्य सहायक सडक र खुला नाकाबाट भित्रिने पन्छीजन्य सामग्रीका कारण बर्डफ्लुको जोखिम बढेको थियो। बर्डफ्लू प्रमाणित हुन समय लाग्ने, प्रमाणित पन्क्षी नष्ट गर्न पनि समय लाग्ने तथा अन्य विविध कारणले कृषक सङ्कटमा परेको ठाकुरले बताउनुभयो । मरेका कुखुरा तथा हाँसलाई खोला, झाडी र अन्य खुला स्थानमा जथाभावी फाल्ने प्रवृत्तिका कारण काग तथा अन्य जङ्गली चरामार्फत सङ्क्रमण थप फैलिएको निष्कर्ष निकालिएको ठाकुरको भनाइ छ । कार्यालयले सङ्क्रमण नियन्त्रणनार्थ परीक्षण, व्यवस्थापन तथा ओसारपसार नियन्त्रणका कामलाई तीव्र बनाइएको ठाकुरले बताउनुभयो ।

ठाकुरका अनुसार व्यावसायिक पोल्ट्री फार्ममा बायोसेक्युरिटीका मापदण्ड कडाइका साथ लागू लगाइ कुखुराको खोरमा अनावश्यक व्यक्तिको प्रवेश रोक्ने, प्रवेश गर्नु परे सुरक्षाका उपाय अपनाउने, खोर तथा उपकरण नियमित रूपमा सफा राख्न र कुखुरा ओसारपसार गर्दा पूर्ण सरसफाइका मापदण्ड पालना गर्न लगाइएको थियो । हाल पनि जिल्लाको नाला, रोशी र खावा चेकपोस्टमा परीक्षणबिना तथा अवैध रूपमा ओसारपसार हुने कुखुराको निगरानी र नियन्त्रणलाई कडाइ गरिएको जनाइएको छ ।

# इन्टरनेसनल फिचर फिल्मका लागि आवेदन खुला

काठमाडौँ। 'नेपाल इन्टरनेसनल फिचर फिल्म छनोट समिति-२०२६' ले ९९औँ एकेडेमी अवार्ड्स (ओस्कार) को 'इन्टरनेसनल फिचर फिल्म' विधामा नेपालको तर्फबाट प्रतिस्पर्धा गर्ने चलचित्रको छनोट प्रक्रिया सुरु गरेको छ ।

समितिका अध्यक्ष लक्ष्मीनाथ शर्माद्वारा जारी सूचनाअनुसार मापदण्ड पुगेका नेपाली चलचित्रले यही भदौ २२ गते (सेप्टेम्बर ७, २०२६) भित्र आवेदन दिनुपर्नेछ । ओस्कारमा सहभागिता जनाउन इच्छुक चलचित्र निर्माताले काठमाडौँस्थित समितिको सचिवालयमा तोकिएको समयसीमाभित्र आफ्ना चलचित्र दर्ता गराउन आह्वान गरिएको छ । ओस्कारको प्रतिस्पर्धामा सहभागी हुने चलचित्रले नेपाल सरकारको केन्द्रीय चलचित्र जाँच समितिबाट प्रमाणीकरण पाएको हुनुपर्नेछ भने विसं २०८२ असोज १५ देखि विसं २०८३ असोज १४ भित्रसिनेमा घरमा प्रदर्शन गरेको हुनुपर्नेछ। यसका साथै, चलचित्र व्यावसायिक सिनेमा घरमा टिकट काटेर लगातार कम्तीमा सात दिन प्रदर्शन भएको हुनुपर्ने प्रावधान राखिएको समितिका अध्यक्ष शर्माले बताउनुभयो ।

अमेरिका र यसका भूभागबाहेक अन्य देशका व्यावसायिक सिनेमा घरमा सात दिन प्रदर्शन भएका चलचित्रलाई पनि मान्यता दिइनेछ। प्रदर्शनको सर्त पूरा नभएको खण्डमा भने चलचित्रले ओस्कारले तोकेका आधिकारिक अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा 'क्वालिफाइड अवार्ड' जितेको हुनुपर्नेछ । उहाँका अनुसार टेलिभिजन, 'भिओडी', 'डिभिडी', 'इन्टरनेट स्ट्रिमिङ' वा 'एयरलाइन इन्टरटेनमेन्ट' जस्ता माध्यमबाट पहिलो पटक प्रदर्शन भएका चलचित्र भने छनोटका लागि अयोग्य मानिनेछन् ।

सहभागिताका लागि चलचित्रको निर्देशक, लेखक वा निर्मातामध्ये कम्तीमा एक जना नेपाली नागरिक हुनुपर्ने र चलचित्रमा नेपाली परिवेश तथा तत्वहरू झल्किएको हुनुपर्ने सर्त राखिएका छन् । त्यसैगरी, चलचित्रको ५० प्रतिशतभन्दा बढी संवाद नेपाली भाषामा हुनुपर्नेछ भने स्पष्ट बुझिने अङ्ग्रेजी 'सबटाइटल' अनिवार्य रूपमा राखिएको हुनुपर्ने सूचनामा जनाइएको छ । छनोटमा परेको खण्डमा चलचित्रले ओस्कारको प्राविधिक मापदण्डसमेत पूरा गर्नुपर्ने समितिले जनाएको छ । इच्छुक निर्माताले आवेदन दिई आवश्यक सामग्रीसहित काठमाडौँस्थित सचिवालयमा सम्पर्क गर्न सक्नेछन् । यससम्बन्धी थप नियम र प्राविधिक जानकारी ओस्कारको आधिकारिक वेवसाइटबाट हेर्न सकिनेछ ।

# वन अतिक्रमण गर्ने विरुद्ध कडा कारबाही हुने

महोत्तरी । वनक्षेत्र उजाडेर अतिक्रमण गर्ने विरुद्ध कडा कारबाही गरिने भएको छ ।

डिभिजन वन कार्यालय, महोत्तरीले सागरनाथ वन विकास परियोजनाको दुई नम्बर प्लटका रुख काट्ने र रुखको फेदमा विषादी प्रयोग गरी रुख मार्ने विरुद्ध कडा कारबाही गर्न लागिएको हो ।

वरिष्ठ वन अधिकृत अजय मिश्रले १९५ वटा टिक जातका रुख र उक्त रुखको जरामा विषादी प्रयोग गरेको अनुसन्धानबाट बुझिन आएकाले वन माफिया खोज्न अनुसन्धान भइरहेको जानकारी दिनुभयो । अनुसन्धानबाट वन फडानी गर्न परिचालन भएको पहिचान नजिक पुगेका रेञ्जपोष्टका प्रमुख प्रेम उपाध्यायले जानकारी दिनुभयो । "हामीले घटनाको सुक्ष्म अनुसन्धान गरेका छौँ, वनका बिरुवा काट्ने र फेदमा विषादी हालेर जरासमेत डढाउनेहरुबारे जानकारी भएको छ", उपाध्याय भन्नुहुन्छ, "हामी प्रतिवेदन लेखन टुङ्ग्याउँदैछौँ, यो प्रतिवेदन डिभिजन वन कार्यालय पुग्नासाथ कारबाही सुरु हुन्छ ।"

परियोजनाको बर्दिवास रेञ्जपोष्टको प्रतिवेदनका आधारमा मुद्दा डिभिजन वन कार्यालयले चलाउने उपाध्यायले स्पष्ट पार्नुभयो । बर्दिवास नगर कार्यपालिकाको कार्यालयले पर्ति जग्गा भोगचलन गर्दै आएकाहरुलाई सेतो निस्सा दिने घोषणा गरेबीच वन उजाडेर आफ्नो भोग देखाउन यस प्रकारको अपराध गरेको हुनसक्ने आशङ्का यहाँका स्थानीयले गरेका छन् ।

घटनामा सामेल हुनेलाई अनुसन्धान गरी कडा कारबाही हुने बर्दिवास-२ का वडाध्यक्ष श्यामराजा सिंह बताउनुहुन्छ ।

# दूधको भुक्तानी अवधि घटाइउने प्रतिबद्धता

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले किसानबाट खरिद गरेको दूधको भुक्तानी अवधी घटाउने प्रतिबद्धता जनाउनुभएको छ। प्रतिनिधिसभाको मंगलबार को बैठकमा सांसद निश्कल राईले उठाउनुभएको प्रश्नको जवाफ दिँदै उहाँले विगतमा किसानको दूधको भुक्तानी अवधि आठ महिनाबाट घटाएर हाल तीन महिनामा झारिएको र आगामी दिनमा त्यसलाई अझ कम गर्ने जानकारी दिनुभयो ।

"भुक्तानी अवधिलाई अझै घटाएर भदौ अन्तिम साताभित्र २५ दिनमा पुर्याउने योजना रहेको छ। गत वैशाख २० गतेदेखी सोमबारसम्म किसानलाई रु ६० करोड बराबरको भुक्तानी किसानलाई गरेको छ," मन्त्री चौधरीले भन्नुभयो । उहाँका अनुसार विगत दुई आर्थिक वर्षमा दुग्ध विकास संस्थान (डिडिसी)ले साविकभन्दा बढी दूध खरिद गर्नुपरेको थियो। बिक्री नभएको बढी दूधलाई प्रशोधन गरी धुलो दूध र नौनी उत्पादन गरिए पनि त्यसको मौज्दात बढ्दा बिक्री तथा आम्दानीमा समस्या आएको र त्यसबाट किसानको भुक्तानी प्रभावित भएको मन्त्री चौधरीको भनाइ छ ।

संस्थानसँग दुग्ध तथा दुग्धजन्य पदार्थको ठूलो मौज्दात रहनु, अत्यधिक दूध प्रशोधनलागत, प्रशासनिक खर्च, कमजोर व्यवस्थापन तथा पुरानो संरचनालगायत कारण संस्थानको आर्थिक दायित्व बढेको मन्त्री चौधरीले बताउनुभयो । उहाँले विगतमा किसानको भुक्तानीभन्दा प्रशासनिक खर्चलाई प्राथमिकता दिइँदा दूधको भुक्तानी अवधि लामो हुन पुगेको उल्लेख गर्नुभयो ।

मन्त्री चौधरीका अनुसार देशभर डिडिसीलाई दूध आपूर्ति गर्ने दूध सहकारी संस्थाको सङ्ख्या २३५ रहेको छ । ती सहकारीमार्फत किसानलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकमसमेत घटाउँदै लगिएको उहाँले जानकारी दिनुभयो। "गएको दुई महिनादेखि संस्थानले आफ्नो सम्पूर्ण ध्यान किसानको भुक्तानीमा राखेको छ। त्यसका कारण हाल भुक्तानी सहज हुँदै गएको छ र सहकारीमा पनि संस्थानप्रति विश्वास जागृत हुँदै गएको छ," मन्त्री चौधरीले भन्नुभयो ।

मन्त्री चौधरीले संस्थानको अनावश्यक खर्च कटौती, बजारबाट उठ्न बाँकी रकम असुलीका लागि ताकेता तथा संस्थानमा मौज्दात रहेको दूध र दुग्धजन्य पदार्थलाई बजारीकरणमार्फत बिक्री गरी प्राप्त रकम किसानलाई नियमित भुक्तानीमा प्रयोग भइरहेको बताउनुभयो । उहाँले डिडिसीको आर्थिक अवस्था सुधार, बजार व्यवस्थापन र किसानको भुक्तानीलाई नियमित बनाउन संस्थानको व्यवस्थापकीय तथा वित्तीय सुधारलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।

यसअघि डिडिसीले किसानको बक्यौता भुक्तानी घटाउँदै दैनिक कारोबारबाट प्राप्त रकम किसानको भुक्तानीमा प्रयोग गर्ने नीति अघि सारेको थियो । मन्त्री चौधरीले संस्थानको आर्थिक अवस्था सुधार तथा किसानको दूधको बक्यौता भुक्तानी गर्न नेपाल सरकारबाट ४० करोड रुपैयाँ कर्जा लिने योजना रहेको बताउनुभयो। उहाँले किसानको भुक्तानीका लागि २० करोड र नयाँ प्रशोधन प्लान्ट स्थापनाका लागि २० करोड रुपैयाँ उपयोग गर्ने योजना रहेको जानकारी दिनुभयो । "आन्तरिक रूपमा प्रारम्भिक विश्लेषण गर्दा कुशल नेतृत्वको अभाव, कमजोर वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताको कमी तथा गैरकानुनी आर्जन गर्ने मनोविज्ञानका कारण संस्था क्रमिक रूपमा धरासायी हुँदै गएको बुझाइ रहेको छ," मन्त्री चौधरीले भन्नुभयो ।

# नेप्से परिसूचक दोहोरो अंकले घट्यो

काठमाडौँ। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ३४ अङ्कले घटेर दुई हजार ६२२ दशमलव ४८ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ५५ अङ्कले घटेर ४६१ दशमलव शून्य नौमा पुगेको छ। त्यस्तै फ्लोट सूचक एक दशमलव ३० अङ्कले घटेर १७९ दशमलव ९७ मा पुगेको छ । सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ८८ अङ्कले घटेर एक सय ५५ दशमलव ७६ मा पुगेको छ ।

मंगलबार विभिन्न कम्पनीका एक करोड ५१ लाख ९६ हजार ९८२ कित्ता सेयर रु पाँच अर्ब सात करोड ३५ लाख १८ हजार ६६२ मूल्यमा खरिद बिक्री भएको छ । मंगलबार १३ मध्ये एउटा उपसमूहको सेयर मूल्य बढेको छ भने १२ उपसमूहको मूल्य घटेको छ। मंगलबार ५६ कम्पनीको सेयर मूल्य बढ्नुका साथै २१८ कम्पनीको सेयर घटेको छ भने पाँच कम्पनी स्थिर छन् ।

नेप्सेका अनुसार सर्वोत्तम पेन्ट्स इन्डिष्ट्रज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट कम्पनी र मनकामना इञ्जिनियरिङ हाइड्रोपावर कम्पनीका लगानीकर्ताले मंगलबार कमाएका छन् । त्यस्तैगरी सगरमाथा जलविद्युत् कम्पनी, खानीखोला हाइड्रोपावर र सिद्धार्थ इक्युटि फण्डका लगानीकर्ताले गुमाएका छन्। सोमबार नेप्से परिसूचक १९ दशमलव ३४ अङ्कले घटेर दुई हजार ६२२ दशमलव ४८ मा पुगेको छ ।

## गण्डकी क्षेत्रका पर्यटनको प्रचुर सम्भावनालाई उजागर गरौँ

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको गण्डकी क्षेत्रमा व्याप्त रहेको पर्यटनको प्रचुर सम्भावनाको उजागर गर्नुपर्नेमा जोड दिनुभएको छ ।

बागलुङ जिल्लाको बागलुङ नगरपालिका-१२ मा अवस्थित बलेवा कालभैरवमा आयोजित 'हरेलो मेला'को मंगलबार उद्घाटन गर्दै उहाँले गण्डकी प्रदेशमा प्राकृतिक मात्र नभएर धार्मिक, सांस्कृतिक पर्यटनको पनि अधिक सम्भावना रहेकाले यसको उजागर गर्न स्थानीय आफैँ लाग्नुपर्नेमा जोड दिनुभयो । निवर्तमान अध्यक्ष ढकालले भन्नुभयो, "मुक्तिनाथमा हाल भारतीय पर्यटकको आगमन बढ्दै गएको छ । मुक्तिनाथ पुग्ने नेपालकै आन्तरिक पर्यटक पनि दिनप्रतिदिन बढ्दैछन् । बागलुङ बजार मुक्तिनाथ र रारा ताल जाने नेपालीकै 'ट्रान्जिट' जस्तै बनेको छ । ती पर्यटकलाई बागलुङ बजार तथा पर्यटकीय बलेवा भैर वस्थानसम्म पुग्ने र बास बस्ने वातावरण कसरी निर्माण गर्न सकिन्छ भनेर योजना बनाउनुपर्दछ ।"

पूर्वअध्यक्ष ढकालले नेपाल आउने करिब ५० प्रतिशत पर्यटक पोखरा आउने भएकाले तिनलाई बागलुङसम्म ल्याउने र एक-दुई दिन बसाइँ लम्ब्याउने योजनामा लाग्न जिल्लाका पर्यटन व्यवसायीसँग आग्रह पनि गर्नुभयो । नेपालका उत्तर र दक्षिणी छिमेकीसँग जोडिएको गण्डकी प्रदेशले ती छिमेकीको कम्तीमा पनि तीन अर्ब जनसङ्ख्याबाट फाइदा लिनसक्नुपर्ने उहाँको भनाइ छ । उनीहरूलाई नेपाल भित्र्याउने प्रभावकारी पर्यटन नीति र योजनाका साथ अघि बढ्न सकिएमा गण्डकी क्षेत्र मात्र नभएर नेपालको समग्र पश्चिम क्षेत्रकै भविष्य उज्ज्वल बन्ने उहाँले बताउनुभयो । अध्यक्ष ढकालले हरेलो उत्सव नेपालको पश्चिम क्षेत्रकै एक मौलिक सांस्कृतिक परम्परा रहेकाले यसको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो ।

बागलुङमा वर्षायाममा रोपेको धानमा कटाहा (मुसा) नलागोस्, बाली नमासियोस्, पाकेको बाली सहजै भित्र्याउन सकियोस् र अन्न प्रशस्त उत्पादन होस् भन्ने कामना गर्दै हरेक वर्ष भदौको पहिलो मङ्गलबार हरेलो पर्व मनाउने प्रचलन छ । घर तथा खेतमै पुगेर गरिने हरेलो पूजा खेतीबाली र जमिनको पूजा हो । यसलाई प्रकृति अर्थात् जमिनको पूजा पनि भन्ने गरिन्छ ।

खेतमा धूपसहित पूजा गरेर मास, चामल, गहुँ, फापर, तोरी आदिबाट तयार पारिएका विभिन्न परिकार तयार गरी चढाउने गरिन्छ । यो मौलिक परम्पराको संरक्षण र सम्वर्द्धन होस् भन्ने उद्देश्यले बागलुङ नगर पालिका र बलेवा कालभैरव मन्दिर समितिको पहलमा केही वर्षदेखि हरेलो मेलाको आयोजना गरिँदै आइएको छ ।

## उद्घोषको वार्षिकोत्सवः दुई जना सम्मनित

विराटनगर । सौगात प्रकाशन प्रालिद्वारा विराटनगरमा प्रकाशित राष्ट्रिय दैनिक पत्रिकार 'उद्घोष' को २२औँ वार्षिकोत्सव मनाइएको छ । मंगलबार आयोजित एक समारोहका बीच सम्पन्न वार्षिकोत्सव कार्यक्रममा शिक्षा, उद्योग र व्यापार क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने गुणराज ढुङ्गेल र धर्म, संस्कृति एवं शिक्षाको क्षेत्रमा योगदान दिने शिवरतन शर्मालाई सम्मान गरिएको हो ।

नेपाली कांग्रेसकी उपसभापति पुष्पा भुसालले पत्रकारिता र राजनीतिक बीच घनिष्ठ सम्बन्ध रहेको बताउनुभयो । उहाँले पछिल्लो समय राष्ट्रिय राजनीतिक सोचे जस्तो नभएको जिकिर गर्दै संसद, न्यायालय र पत्रकारिता कमजोर भएमा लोकतन्त्र कमजोर हुने धारणा राख्नुभयो । उहाँले संविधानका कुनै पनि संरचनालाई प्रभाव पार्ने काम कसैले गर्न नहुने भन्दै लोकतन्त्रकै अभ्यास र पद्धतिबाट मुलुकमा समृद्धि, विकास र रोजगार सिर्जना हुनेमा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता सुरेन्द्र पाण्डेले सदाशयता मात्रै देश नबन्ने भन्दै आर्थिक, सामाजिक क्षेत्रलाई सबल र सुदृढ बनाउँदै समृद्ध मुलुक निर्माणमा सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सरकारले पुँजीगत खर्च बढाउनुपर्छ । यसबाट उद्योग, व्यापार र रोजगार सिर्जना भई आर्थिक गतिविधि चलायमान हुनेछन् । साथै निजी क्षेत्रको योगदानबिना देशमा समृद्धि र विकास सम्भव छैन ।"

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य मनिष झाले भ्रष्टाचार गर्नुभन्दा व्यापार गर्नु राम्रो हो भन्नुभयो । उहाँले राजनीतिक सजगता विकास गर्न तथा शिक्षा क्षेत्रमा आमूल परिवर्तन ल्याउन पत्रकारिता क्षेत्रको मशत्त्वपूर्ण योगदान रहेको धारणा राख्नुभयो । उहाँले समाचार, विश्लेषण तथा धारणाबाट कसैको पनि लोकतान्त्रिक अधिकार मास्न नहुने भन्दै व्यक्तिको गोपनीयता र प्रतिष्ठामा आँच आउने गरी पत्रकारिता गर्न नहुनेमा जोड दिनुभयो । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कोशी प्रदेशसभा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले मुलुकमा राजनीतिक सङ्घीयता आए पनि वित्तीय सङ्घीयता नआएको भन्दै संविधानमा व्यवस्था भएबमोजिम सङ्घीयताका लागि आवश्यक पर्ने कानुन शीघ्र ल्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले निजामती सेवा ऐन नआउनु, प्रहरी समायोजन हुन नसक्नु र साझा अधिकारका लागि आवश्यक पर्ने कानुन नबन्नु समस्याका रूपमा रहेको उहाँको भनाइ छ ।

जनता समाजवादी पार्टी नेपालका युवा नेता जयराम यादवले विवाद, विभाजन र विभेदले नेपालको समृद्धिमा अवरोध सिर्जना गर्ने धारणा राख्नुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले निजी क्षेत्रले सुरक्षाको महसुस गर्ने अवस्था नआउँदासम्म उद्योग र व्यापारमा लगानी वृद्धि गर्न नसकिने बताउनुभयो । मेडिकल एण्ड डेण्टल एसोसिएसन नेपालका अध्यक्ष डा ज्ञानेन्द्रमानसिंह कार्कीले चिकित्साको क्षेत्रमा निजी क्षेत्रको ७० प्रतिशतभन्दा बढी योगदान रहेको बताउनुभयो । उद्घोषका सम्पादक मोहन भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा उद्घोषकर्मी एवं नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदय कमल रिमालले 'उद्घोष' दैनिकको विविध पक्षका बारेमा चर्चा गर्नुभएको थियो ।

## प्रदेश अपाङ्गता नीति निर्माणमा जोड दिन्छौँः मुख्यमन्त्री शाही

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले अपाङ्गता भएका व्यक्तिहरूको प्रदेशस्तरीय नीति निर्माणमा जोड दिने बताउनुभएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल कर्णाली प्रदेश समिति अध्यक्ष नन्दराज धिताल नेतृत्वको टोलीसँगको भेटघाटका क्रममा मुख्यमन्त्री शाहीले भूगोल, सामाजिक संरचना शिक्षा, पूर्वाधार लगायत हिसाबले विभिन्न समस्या झेलिरहेका अपाङ्गताहरूको अधिकार सुरक्षितका लागि प्रदेश सरकार प्राथमिकताका साथ लागिने बताउनुभयो । "अपाङ्गता भएका व्यक्तिहरू समाजको सीमान्तकृत र निकै हेपिएको वर्ग भएकाले उनीहरूको हित एवं अधिकार रक्षाका नीति बन्नु आवश्यक छ", उहाँले भन्नुभयो, "अपाङ्गता नीति र यस अघिका अभ्यासबारे प्रदेश सरकारले अध्ययन गर्छ ।" कर्णालीमा निर्माणमा हुने भौतिक संरचना अपाङ्गतामैत्री बनाउनतर्फ नीतिगत पहल गरिने मुख्यमन्त्री शाहीको भनाइ थियो । अध्यक्ष धितालले लामो प्रयासबाट अपाङ्गता सम्बन्धी प्रदेशस्तरीय नीति बन्न नसक्दा यहाँका अपाङ्गता भएका व्यक्तिहरू विभिन्न सेवा सुविधाबाट वञ्चितीकरण परेको बताउनुभयो । सरकारी तथा सार्वजनिक सबै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सेवा र पहुँच स्थापित गर्न प्रदेशस्तरीय अपांगता नीति निर्माण अपरिहार्य भएको उहाँको भनाइ थियो । राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल कर्णाली प्रदेशका कर्णाली प्रदेश व्यवस्थापक आनन्द विष्टले कर्णालीमा अपाङ्गता भएका व्यक्तिहरू ५३ हजार ५२ जनाको तथ्याङ्क भएको बताउनुभयो । जसमा शारीरिक अपाङ्गता २३ हजार ९०१, दृष्टिविहीन अपाङ्गता भएका व्यक्ति नौ हजार ७३९, श्रवणसम्बन्धी अपाङ्गता भएका व्यक्ति आठ हजार ८३३ स्वर तथा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू तीन हजार २१५ रहेको उहाँले जनाउनुभयो ।

## मौलिक हक कार्यान्वयनमा सरकारको ध्यानाकर्षण

काठमाडौँ । प्रतिनिधिसभाका सदस्यहरूले शिक्षासम्बन्धी मौलिक हकको कार्यान्वयन, औद्योगिक वातावरण निर्माण, बहुउपयोगी जडिबुटी गाँजा प्रयोगसम्बन्धी कानुन निर्माण र विपद् व्यवस्थापनलगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ । सभाको मंगलबारको बैठकको विशेष समयमा दलीय आधारमा धारणा राख्दै राष्ट्रिय स्वतन्त्र पार्टीका जगतप्रसाद जोशीले गरिब र निमुखा नागरिकका सन्ततिले सहजै विद्यालय शिक्षा हासिल गर्न पाउने अवस्था सुनिश्चित गर्नेगरी शिक्षा ऐन बनाइनुपर्ने बताउनुभयो । "अब शिक्षकलाई सडकमा जान बाध्य पार्नुहुँदैन, शिक्षकलाई उचित सम्मान दिएर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो । नेपाली कांग्रेसका प्रकाशसिंह कार्कीले वर्षौँसम्म घाटामा उद्योग सञ्चालन गरेर जनताको कर खर्च गर्नु औद्योगिक समस्याको समाधान नभएको बताउनुभयो ।

निजी क्षेत्रलाई पारदर्शी र प्रतिस्पर्धाबाट सहभागी गराऔँ", उहाँले भन्नुभयो, "सरकारले उद्योग चलाउने होइन, सञ्चालनको वातावरण बनाउने हो, घाटा सरकारले व्यहोर्ने, बजेट थप्ने र कर जनताले तिरिरहने चक्र अब अन्त्य गर्नुपर्छ ।"

## संविधान संशोधनमा नागरिकको अपनत्व जोडिनुपर्ने

ललितपुर । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले संविधान संशोधन गम्भीर विषय भएकाले नागरिकको अपनत्व, अधिकार, प्रतिनिधित्व र राज्यप्रतिको विश्वास जोडिनुपर्ने बताउनुभएको छ ।

यही साउन २४ गतेदेखि भदौ १ गतेसम्म बसेको नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकको निर्णय सार्वजनिक गर्न मंगलबार आयोजित पत्रकार सम्मेलनमा उहाँले विसं २०७२ मा संविधानसभाबाट जारी नेपालको संविधान जनताले निरन्तर गरेको लोकतान्त्रिक सङ्घर्ष र जन आकांक्षाको ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्नुभयो । कांग्रेस संविधान निर्माणको प्रमुख नेतृत्वकर्ता शक्ति भएकाले यसको रक्षा गर्ने, कार्यान्वयन गर्ने र समयसापेक्ष आवश्यक परिमार्जन गर्ने कार्यप्रति त्यति नै जिम्मेवार हुनुपर्नेमा उहाँको जोड थियो । कांग्रेस केन्द्रीय समितिको २०८३ श्रावण २४ देखि भदौ १ सम्म पार्टी सभापति गगनकुमार थापाको सभापतित्वमा पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले मुलुकको समसामयिक राजनीतिक परिस्थिति, आर्थिक तथा सामाजिक व्यवस्था, जनताको दैनिक जीवनसँग जोडिएका विषयमा छलफल गरेको थियो ।

प्रवक्ता चालिसेका अनुसार पार्टीका नीतिगत तथा सङ्गठनात्मक निर्णय, सरकारको ध्यानाकर्षण र जनताप्रतिको उत्तरदायित्वका लागि गरिएका आग्रह र राष्ट्रिय तथा समसामयिक राजनीतिक विषयमा पार्टीको स्पष्ट धारणाका साथै, राष्ट्रिय जीवनका महत्वपूर्ण विषयमा कांग्रेसले आफ्नो नीति, दृष्टिकोण र आगामी राजनीतिक दिशासमेत स्पष्ट गरेको छ ।

## भारतको कर्नाटक विरुद्ध नेपालको सानदार जित

काठमाडौँ । तेस्रो संस्करणको एसिसी प्रिमियर कपको तयारीका लागि भारत भ्रमणमा रहेको नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले पहिलो अभ्यास खेलमा फराकिलो जित दर्ता गरेको छ ।

विजयी सुरुआत गर्ने क्रममा नेपालले मंगलबार भएको पहिलो खेलमा कर्नाटक राज्यस्तरीय टोलीलाई ११६ रनले हरायो । यस खेलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपाल ४५ ओभरमा १८८ रनमा अलआउट भएको थियो । नेपालका लागि ओपनिङ ब्याटर आसिफ शेखले ७० बलमा दुई चौका र एक छक्कासहित सर्वाधिक ४९ रनको पारी खेले ।

इशान पाण्डेले ३४, देव खनाल र सन्दीप जोराले २७/२७, बसिर अहमदले अविजित १९ तथा गुलशनकुमार झाले ११ रन जोडे ।

कर्नाटकका लागि क्रिती एमले आठ ओभरमा एक मेडनसहित २० रन दिएर सर्वाधिक पाँच विकेट हात पारे । नेपालले दिएको १८९ रनको लक्ष्यका साथ जवाफी ब्याटिङमा उत्रिएको कर्नाटक २८ ओभरमा ७२ रनमै अलआउट भयो । उसका लागि शरथ श्रीवास्तवले ६५ बलमा तीन चौकासहित सर्वाधिक ३२ रन बनाए । उनी अविजित रहे पनि कर्नाटकका अरू ब्याटर सस्तैमा आउट भए ।

कर्नाटकलाई सस्तैमा समेट्ने क्रममा नेपालका लागि बलिङतर्फ करण केसी, ललितनारायण, शेर मल्ल र बसिर अहमदले दुई/दुई विकेट लिए । यस्तै, कप्तान सन्दीप लामिछाने र हेमन्त धामीको नाममा एक/एक विकेट रह्यो ।

नेपालले भारतमा थप अर्को अभ्यास खेल खेल्ने तालिका छ । १० दिनको प्रशिक्षण सकाएर नेपाली टोली प्रिमियर कप खेल्न भारतबाटै मलेसिया प्रस्थान गर्नेछ । मलेसियामा तीन दिन अभ्यास गरेर नेपाली टिम प्रतियोगिता खेल्ने तयारीमा छ । समूह 'ए' मा रहेको नेपालले पहिलो खेल भदौ १५ मा बहराइनको सामना गर्नेछ । त्यसपछि प्रतियोगितामा नेपालको भेट मलेसिया, साउदी अरेबिया र हङकङविरुद्ध हुनेछ ।

## मानवसेवा आश्रमद्वारा साउनमा २४८ जनाको उद्धार

काठमाडौँ । मानव सेवा आश्रमले गत साउनमा देशका विभिन्न स्थानबाट २४८ जना सडक आश्रित मानवको उद्धार गरेको छ ।

उद्धार गरिएकामध्ये १५७ पुरुष र ९१ जना महिला रहेका छन् । उद्धार गरिएका व्यक्तिहरूलाई देशभर रहेका विभिन्न शाखामा संरक्षण प्रदान गरिएको आश्रमले जनाएको छ । उद्धारसँगै पारिवारिक पुनःमिलनलाई प्राथमिकतामा राखेको आश्रमले साउन महिनामा पारिवारिक विवरण पहिचान भएका १८८ जनालाई परिवारसँग भेट गराइएको जनाएको छ । लामो समयदेखि परिवारबाट टाढिएका वा सडकमा अलपत्र अवस्थामा रहेका व्यक्तिहरूको उद्धार गरी तथा पारिवारिक सम्बन्ध स्थापित गर्दै पुनः परिवारमाझ फर्काउने कार्यलाई आश्रमले अभियानकै रूपमा अघि बढाउँदै आएको छ ।

साउनमा सबैभन्दा बढी काठमाडौँ स्थित पशुपति होल्डिङ सेन्टरबाट ८८ जनाको उद्धार गरिएको छ भने १७ जनाको पारिवारिक पुनःमिलन गराइएको छ । चितवन, रुपन्देहीस्थित तिलोत्तमा दाङ र सुनसरी शाखाले सहयोगापेक्षी सडकआश्रित मानवको उद्धार गरेका छन् ।

## विद्युत् आपूर्तिलाई प्रभावकारी बनाउने प्रतिबद्धता

काठमाडौँ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले स्वदेशी उपभोक्ताका लागि विद्युत् आपूर्तिको निरन्तरता र गुणस्तर सुनिश्चित गर्न मन्त्रालयले प्रभावकारी कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदको प्रश्नको जवाफ दिँदै मन्त्री श्रेष्ठले काठमाडौँ उपत्यका तथा प्रमुख सहरहरूमा स्मार्ट मिटरिङ र सबस्टेसन अटोमेसन प्रणाली विस्तार गर्ने कार्य अघि बढाइएको जानकारी दिनुभयो । "सहरी क्षेत्रमा बढ्दो विद्युत् माग व्यवस्थापन गर्न नयाँ सबस्टेसन निर्माण, प्रसारण तथा वितरण लाइन विस्तार र स्तरोन्नतिको कामलाई तीव्रता दिइएको छ", मन्त्री श्रेष्ठले भन्नुभयो, "औद्योगिक क्षेत्रहरूमा भोल्टेजको उतार चढाव न्यूनीकरण गर्दै भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्न डेडिकेटेड फिडरलगायत पूर्वाधार निर्माण तथा सुधारका काम अघि बढाइएका छन् । यसरी विद्युत् वितरण प्रणालीलाई थप मजबुत, भरपर्दो र गुणस्तरीय बनाउने प्रक्रिया निरन्तर अघि बढाइनेछ ।" उहाँले सरकारसँगको समन्वयमा प्राधिकरणले उपलब्ध स्रोत-साधनलाई प्राथमिकताका साथ परिचालन गरी वितरण प्रणाली सुधारका काम गरिरहेको छ र त्यसका सकारात्मक परिणामसमेत क्रमशः देखिन थालेको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com